आज मिति २०७७ मंसिर २८ र २९ गते यस गाउँपालिकाका अध्यक्ष श्री चेरुङ तामाङज्यूको अध्यक्षतामा तपशील बमोजिमका महानुभावहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थितिः**

**तपशीलः**

१. चेरुङ तामाङःअध्यक्ष

२. विना लामाः उपाध्यक्ष

३. मिन घलेःवडा अध्यक्ष वडा नं. १

४. पेम्बा घलेः वडा अध्यक्ष वडा नं. २

५. कामीलाल तामाङः वडा अध्यक्ष वडा नं. ३

६. प्रशान्त तामाङः वडा अध्यक्ष वडा नं. ४

७. धिराज तामाङः वडा अध्यक्ष वडा नं. ५

८. नरमान गुरुङः वडा अध्यक्ष वडा नं. ६

९. फुलमाया कामीः का.पा.सदस्य

१०. गंगामाया तामाङः का.पा.सदस्य

११. जुठीमाया तामाङः का.पा.सदस्य

१२. खम्बा घलेः का.पा.सदस्य

१३. चन्द्र घलेःका.पा.सदस्य

१४. डिलु गुरुङः का.पा.सदस्य

१५. टंक बहादुर नेगीः सदस्य सचिव

लेबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रितः**

१. बाबुलाल नेगीः लेखापाल

Scanned with CamScanner

**प्रस्तावहरुः**

१. ज्ञापन पत्र सम्वन्धमा ।
२. बोराङ् हेल्थ डेस्क सम्वन्धमा ।
३. नाकामा खटाइएको सहयोगीको सुविधा सम्वन्धमा ।
४. भैपरि कोषको रकम खर्च गर्ने सम्वन्धमा ।
५. योजनाको नाम संसोधन गर्ने सम्बन्धमा ।
६. जिन्सि सामानहरु तथा खाता कागजातको अनुगमन सम्वन्धमा ।
७. करारमा सेवामा अमिन पदको विज्ञापन गर्ने ।
८. प्रवक्ता सम्वन्धमा ।
९. खर्च सार्वजनिक गर्ने सम्वन्धमा ।
१०. लेखा शाखालाई सहयोग गर्ने कर्मचारी खटाउने सम्वन्धमा ।
११. ३५ लाख भन्दा माथि रकम भएको आयोजनाको टेन्डर गर्ने ।
१२. उपभोक्ता समितिबाट हुने योजना माघ मसान्त भित्र सम्झौता भइसक्नु पर्ने र जेष्ठ मसान्त भित्र अनिवार्य कार्य सम्पन्न भइ सक्नु पर्ने,
१३. बर्थिङ सेन्टरहरुमा अनलाइन पोष्टिङका लागि इन्टरनेट जडान गर्ने,
१४. सार्बजनिक सुनुवाइ कार्यक्रम संचालन गर्ने ,
१५. विद्यालय ब्यबस्थापन समित गठनका लागि समन्वय र सहजीकरण गर्ने,
१६. जनप्रतिनिधि तथा कर्मचारीहरुको होलबडि चेकअप कार्यक्रम संचालन गर्ने,
१७. पालिका स्तरीय ल्होछार कार्यक्रम संचालन गर्ने,
१८. बृक्षारोपण कार्यक्रम संचालन गर्ने,
१९. स्थाइ कर्मचारीहरु र शिक्षकहरुलाई सरुवा सहमती दिने,
२०. गाउँ सभा संचालनका लागि तयारी गर्ने,
२१. रुवी भ्याली गाउँपालिका भित्र सञ्चालित न्यून शिक्षक भएका विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि २०७७– स्वीकृत गर्ने,
२२. बागमती प्रदेशका सामाजिक विकास मन्त्रीज्यूको स्वागत सत्कार गर्दा लागेको खर्च अनुमोदन गर्ने,
२३. आर्थिक सहायता उपलब्ध गर्ने सम्वन्धमा ।
२४. गाउँपालिकाको विभिन्न वडाहरुमा रहेको होटल, लज, पसल,होमस्टेहरुको अनुगमन गर्न समन्वय र सहजीकरण गर्ने,
२५. रुवीभ्याली-४, हिन्दुङको ३४ घरपरिवार स्थानान्तरणका लागि एकीकृत वस्ति विकास कार्यक्रमको रकम खर्च गर्ने,
२६. रुवी कृष्टल अबलोकन केन्द्र, अवइ सामुदायिक महिला भवन र बोराङमा कर संकलन केन्द्र निर्माणका लागि जगा प्राप्त गर्ने,

रुबी भ्याली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेर्तुङ, धादिङ बागमती प्रदेश,नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२७.सेर्तुङमा अबस्थित साविकमा स्वास्थ्य चौकीको रुपमा प्रयोग भइरहेको भवन गाउँपालिकाको प्रशासनिक भवन तयारीका लागि भएको इस्टिमेट बमोजिमको करिब १५ लाख रुपैयाँ खर्च अनुमोदन गर्ने,

२८.गाउँ कार्यपालिकाको कार्यालयका लागि जेनेरेटर खरिद गरि जडान गर्ने,

२९.बजेट शीर्षक नं. ३११५१(तिप्लिङ सोम्दाङ सडक खण्ड स्तरोन्नति) को योजना संशोधन गरि टुक्राउने,

३०. संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी स्विकृत गर्ने

३१.उपभोक्ता समितिले आयोजनाको प्रारम्भिक फिल्ड सर्भेका लागि सम्वन्धित वडा कार्यालयमा निवेदन दर्ता गराउने,

३२.समपुरक अनुदान बजेट शीर्षक नं. ३११५१(सेर्तुङ-मचेत सिंङला सडक ट्र्याक निर्माण) को इ टेन्डर आह्वान गर्ने,

३३.पहिरो नियन्त्रणका लागि डिपिआर तयार गर्ने,

३४.हिन्दुङ पहिरो नियन्त्रण बजेट शीर्षक नं. ३११५४ को रकम सम्वन्धमा,

३५.ब्रागर जोङ बुद्द पार्क निर्माणका लागि जग्गा प्राप्त गर्ने,

३६.लिङ्जो तातोपानी निर्माण र संरक्षणका लागि डिपिआर तयार गर्ने,

३७. NIGHT VISION हेलिप्याड निर्माण गर्ने,(साविक गा.वि.स.)

३८.पशुचौपाया निकासा सम्वन्धमा।

३९.साविक गा.वि.स र बोराङमा सामाजिक सुरक्षा , घटना दर्ता शिबिर संचालन गर्ने,

४०.प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त निर्देशिका बमोजिम पेश भएका योजनाहरु स्वीकृत गरि आउदो गाउँसभामा अनुमोदन का लागि पेश गर्ने,

४१. सेर्तुङ स्वास्थ्य चौकीलाई अपग्रेड गरी ग्रामीण अस्पत्ताल बनाउन बजेट व्यबस्थापन गर्ने र थप आर्थिक सहायताका लागि अन्य तहको सरकारहरुसंग पहल गर्ने,

४२. सुबिशु प्रा.लि. को इन्टरनेट सेवा परीक्षण गरि सुचारु गर्ने,

४३.जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई राज्य, शासन प्रणाली,कर्मचारीतन्त्र- प्रशासन तथा न्याय, बसाइ-सराइ, मानव बेचबिखन नियन्त्रण सम्वन्धी तालिम संचालन गर्ने,

४४.श्री मुक्रापदेवी मा .वि.मा संचालित कक्षा ११ र १२ को परीक्षा सञ्चालन गर्दा लागेको रु ८०५१२।- बेहोर्ने,

४५.राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताका लागि अपुग रकम थप गर्ने,

४६.वडामा सम्पत्ती मूल्यांकन गर्दा लाग्ने सिफारिस दस्तुर तोक्ने,

४७.पर्यटन शुल्क (ट्रेकिङ रुट अनुमती) ५० डलर संशोधन गर्ने,

४८.वडाबाट हुने ३५ प्रकारका सिफारिसका लागि सिफारिस गर्दा अनिवार्य राजश्व दाखिला सम्वन्धमा,

४९. कार्यपालिका सदस्य श्री खम्बा घलेको सेवा सुविधा रोक्का गर्ने सम्वन्धमा,

५०. आयोजनाहरुको कार्यान्वयन हुने स्थलमा अनिवार्य आयोजना सूचना पाटी राख्ने ,

५१. समन्वय सम्वन्धमा,

५२.राष्ट्रिय जनावर गाइ बध गर्ने सम्वन्धमा,

५३. होटल,पसल, ब्यबसाय आदिको दर्ता तथा नविकरण शिविर संचालन गर्ने,

रुबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश,नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५४. रुवीभ्याली-४ पेन्तिस्या नजिक रहेको तातोपानी स्नान स्थल निर्माण र संरक्षणको लागि डिपिआर तयार गरी संघीय सरकार र बागमती प्रदेश सरकारलाई रकम माग गर्ने,

५५.तिप्लिङ कामीगाउँ-सेर्तुङ सडक ट्र्याक निर्माणका लागि प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयसंग आर्थिक सहायता माग गर्ने,

५६. निर्माण भइसकेका तर जग्गाको स्वामित्व एकीन नभएका विद्यालय, वडा कार्यालय,स्वास्थ्य कार्यालयहरुको जग्गा प्राप्ति गर्ने,

५७. आवधिक योजना तयारीका लागि नपुग रकम बागमती प्रदेश सरकारसंग माग गर्ने,

५८.गाउँपालिकाको प्रशासनिक भवनमा कार्पेटिङ, इन्तरनेट नेटवर्किङ , वाइरिङ सहित सि.सि.क्यामेरा जडान गर्ने,

५९.गाउँपालिका भित्र सञ्चालित विभिन्न विद्यालयहरुलाई प्राप्त ICT, विज्ञान प्रयोगशाला, Kits अनुदान लगायतको ससर्त तथा पालिका अनुदानका कार्यक्रमहरुको अनुगमन, निरीक्षण तथा प्रतिवेदनको लागि शिक्षा समिति संयोजक, शिक्षा शाखा प्रमुख र प्राविधिक शाखा प्रमुख सहितको ३ सदस्यीय समिति गठन गर्ने,

६०.यस गाउँपालिकाका विद्यालयहरुलाई प्राप्त पालिका अनुदान, ससर्त अनुदान र अन्य अनुदान कार्यक्रमहरुको अनुगम, निरीक्षण तथा प्रतिवेदनको लागि रु. ५००००(रु. पचास हजार मात्र) थप गर्ने,

६१.विद्यालय अनुदान सम्वन्धमा,

६२. संघसंस्था सम्वन्धमा।

६३.मेडिकल अफीसर सम्वन्धमा।

६४.गाउँपालिकामा ग्रामिण अस्पत्ताल निर्माण गर्न स्थानीय जग्गा दाताहरुबाट जग्गा दान गराउन सार्वजनिक सूचना आह्वान गर्ने,

६५.प्रत्यक स्वास्थ्य चौकीहरुमा placenta Pit(सालनाल गाढ्ने) निर्माण गर्ने,

६६.योजनाको शीर्षक संसोधन सम्वन्धमा,

६७.विविध सम्वन्धमा।

रुवी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णयहरुः

१. गाउँपालिकामा कर्मचारीहरुबाट पेश भएको ज्ञापन पत्रको सम्वन्धमा अर्को कार्यपालिका बैठक अगाडि गा.पा. कार्यालय भवन, सेर्तुङमा गा.पा. प्रमुख,उपप्रमुख, जनप्रतिनिधीहरु र कर्मचारीहरुबीच छलफल गरि आपसी सहमतीबाट विवाद निरुपण गर्ने ।

२. यस पालिकाको वडा नं. ४ मा रहेको बोराङ हेल्थ डेस्क मंसिर मसान्त सम्म मात्र संचालन गरि पौष १ गतेबाट हटाउने,

३. यस पालिकामा रहेको रुविभ्याली ६ मा रहेको माङ्ने नाकामा कोभिड नियन्त्रणका लागि खटाइएको सहयोगी लाई वडा समितिको सिफारिसमा ३(महिना) असार सम्मको र सोम्दाङमा खटिएका १(एक) जनालाइ सुविधा थप दिने,

४. यस पालिकाको भैपरि कोष बाट वडा नं. २ को गोठनदेवि आ.वि. लाई रु १ लाख , वडा नं. २ को आदा-कामीगाउँ गोरेटो बाटोलाई रु ७० हजार, वडा नं. २ उचेत गोरेटो बाटोको लागि रु ३० हजार र वडा नं. ३ को गुदिङ्गे भिर गोरेटो बाटोको लागि रु १ लाख र वडा नं. ६ लाप्चेत गोरेटोबाटो मर्मतका लागि १ लाख खर्च गर्ने,

५. यस गाउँपालिका वडा नं. २ मा रहेको तिप्लिङ ठुलो गाउँ खानेपानी शिर्षकलाई च्याम्पेदुङ खानेपानी तथा सरसफाइ हुने गरि संशोधन गर्ने,

६. यस गाउँपालिकाको सम्पूर्ण जिन्सी खाताहरुको सम्वन्धित शाखा प्रमुखले प्रतिवेदन गर्ने र सो सामान तथा जिन्सिहरु को अनुगमन जनप्रतिनिधिको रोहबरमा गर्ने,

७. यस गाउँपालिकामा सरकारी जग्गा को लगत संकलन गर्न १ जना अमिन करार सेवामा विज्ञापन गर्ने,

८. यस गाउँपालिकाको आधिकारिक सूचना तथा जानकारी दिन र पालिकाको आधिकारिक अभिव्यक्ति दिन यस पालिकाको वडा अध्यक्ष श्री पेम्बा घलेलाई तोक्ने,

९. यस गाउँपालिकाबाट हुने विभिन्न योजना तथा कार्यक्रमहरुको खर्च त्रैमासिक रुपमा उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने निर्णय गरियो ।

१०. यस गाउँपालिकाको लेखा शाखा धादिङबेशीबाट संचालन हुँदै गइरहेकोमा लेखा शाखालाई सहयोग गर्ने यसै गाउँपालिकाको स.क.अ. श्री चन्द्र कुमार लामालाई खटाउने निर्णय गरियो ।

११.यस गाउँपालिकाको गाउँ सभाबाट पारित आ.व. २०७७।०७८ को योजनाहरुमध्ये ३५ लाख भन्दा माथि रकम भएको आयोजनाको टेन्डर आह्वान गर्ने,

१२.उपभोक्ता समितिबाट हुने यस पालिकाको विभिन्न योजनाहरु माघ मसान्त भित्र सम्झौता भइसक्नु पर्ने र जेष्ठ मसान्त भित्र अनिवार्य कार्य सम्पन्न भइ सक्नु पर्ने ,

१३.यस गाउँपालिकामा रहेका ३(तीन) वटा बर्थिङ सेन्टरहरुमा अनलाइन पोष्टिङका लागि इन्टरनेट जडान गर्ने,

१४.यस गाउँपालिकाको विकास निर्माण संगै प्रशासनिक कार्यहरुको पारदर्शिता कायम गर्न आ.व. २०७७।०७८ को प्रगति समेटिएर सार्बजनिक सुनुवाइ कार्यक्रम संचालन गर्ने ,

१५.यस गाउँपालिकामा संचालित विद्यालयहरु लामो समय देखि व्यबस्थान समिति बिहिन रहेकोमा विद्यालय व्यबस्थापन समित गठनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

रुबी भ्याली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेर्तुङ, धादिङ बागमती प्रदेश,नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१६.यस गाउँपालिकाको पारित बजेट बमोजिम जनप्रतिनिधि तथा कर्मचारीहरुको होलबडि चेकअप कार्यक्रम उपयुक्त समय र स्थानमा संचालन गर्ने,

१७.यस गाउँपालिकामा आउदो माघ महिनाको सोनाम ल्होछारको अबसर पारेर सेर्तुङमा पालिका स्तरीय ल्होछार कार्यक्रम संचालन गर्ने र सो कार्यका लागि आवश्यक समन्वय र सहयोग गर्ने,

१८.यस पालिकाको बिनियोजित बजेट बमोजिम पहिरो जोखिम भएका स्थानहरुको अध्ययन गरि एकै स्थानमा जनप्रतनिधीहरुको उपस्थितिमा बृक्षारोपण कार्यक्रम संचालन गर्ने,

१९. यस गाउँपालिकामा लोकसेवा बाट सिफारिस भइ कार्यरत १ बर्ष समय अबधी पुगेका, पारिवारिक समस्या भएका र अन्य स्वास्थ्य जन्य कारण देखाइ सरुवा सहमति माग गरेका केहि स्थाइ कर्मचारीहरु र शिक्षकहरुलाई अन्तर विद्यालय समेत हुने गरि विशेष सिफारिसका आधारमा सरुवा सहमती दिन सकिने,

२०.यस गाउँपालिकाको आठौ गाउँ सभा संचालनका लागि समय तोक्ने तथा आवश्यक तयारी गर्ने सम्बन्धमा आउदो माघ महिनाको दोस्रो हप्तामा गाउँसभा गर्ने,

२१. रुवी भ्याली गाउँपालिका भित्र सञ्चालित न्यून शिक्षक भएका विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि २०७७– स्वीकृत गर्ने,

२२. बागमती प्रदेशका सामाजिक विकास मन्त्रीज्यूको स्वागत सत्कार गर्दा लागेको रु ४५,६००।- खर्च अनुमोदन गर्ने,

२३. रुवीभ्याली गा.पा. वडा नं. ६ निवासी अभीभावक विहिन नाबालक राम तामाङलाई रु. ३०, ०००।- बराबरको जिन्सि सामान सहायता बापत दिने र उक्त सामान वडा समितिको रोहबरमा दिने,

२४.यस गाउँपालिकाको विभिन्न वडाहरुमा रहेको होटल, लज, पसल,होमस्टेहरु, मेडिकलहरुको अनुगमन गर्न सम्बन्धित वडाले आवश्यक समन्वय र सहजीकरण गर्ने,

२५. रुवीभ्याली-४, हिन्दुङको ३४ घरपरिवार स्थानान्तरणका लागि एकीकृत वस्ति विकास कार्यक्रमको रकम बोराङ ख्यादिमा खर्च गर्ने,

२६.यस गाउँपालिकाको बिनियोजित बजेट बमोजिम रुवी कृष्टल अबलोकन केन्द्र, अवइ सामुदायिक महिला भवन र बोराङमा कर संकलन केन्द्र निर्माणका लागि जगा प्राप्त गर्न सूचना आह्वान गर्ने,

२७.यस गाउँपालिकाको वडा नं. ३, सेर्तुङमा अबस्थित साविकमा स्वास्थ्य चौकी भवनको रुपमा प्रयोग भइरहेको भवन गाउँपालिकाको प्रशासनिक भवन तयारीका लागि भएको इस्टिमेट बमोजिमको रु. १५ लाख रुपैयाँ खर्च मिल्दो शीर्षकबाट अनुमोदन गर्ने,

२८.गाउँपालिकाको सेवा प्रबाह प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय भवन सेर्तुङका लागि बिनियोजित बजेट बमोजिम जेनेरेटर खरिद गरि जडान गर्ने,

२९.बजेट शीर्षक नं. ३११५१(तिप्लिङ सोम्दाङ सडक खण्ड स्तरोन्नति) को योजना संशोधन गरि तपशील बमोजिमका योजनाहरु टुक्राउने। (क) सोम्दाङ- कामीगाउँ सडक स्तरउन्नती रु. ६ लाख, (ख) सोम्दाङ-पाङसाङ सडक स्तर उन्नती १७ लाख (ग) लिदुङ-च्यान्दिचो ट्र्याक परिवर्तन सहित स्तर उन्नती -१७ लाख,

रुवी भ्याली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेर्तुङ, धादिङ बागमती प्रदेश,नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३०. यस गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी स्विकृत गर्ने र डि.पी.आर. भएको सडक खण्ड(ट्र्याक) को IEE , EIA गर्न संघीय तथा प्रदेश सरकारलाई माग गर्ने,

३१. यस पालिकामा गठन हुने उपभोक्ता समितिहरुले आयोजनाको प्रारम्भिक फिल्ड सर्भेका लागि सम्वन्धित वडा कार्यालयमा निवेदन दर्ता गराउने र सो को सार्वजनिक सूचना गराउने,

३२. यस गाउँपालिकाको समपुरक अनुदान बजेट शीर्षक नं. ३११५१(सेर्तुङ-मचेत सिंङला सडक ट्र्याक निर्माण) को इ टेन्डर आह्वान गर्ने,

३३. पहिरो नियन्त्रणका लागि डिपिआर तयार गर्ने,

३४. हिन्दुङ पहिरो नियन्त्रण बजेट शीर्षक नं. ३११५४ को रकम वडा नं. ४ को बोराङ कुलो निर्माण शीर्षकमा रकमान्तर गर्ने,

३५. वडा नं. ३ मा रहेको ब्रागर जोड बुद्द पार्क निर्माणका लागि सार्वजनिक स्थलमा निर्माण गर्ने,

३६. रुवीभ्याली गाउँपालिका वडा नं. १ लिङ्जो तातोपानी निर्माण र संरक्षणका लागि डिपिआर तयार गर्ने,

३७. यस गाउँपालिकामा साबिक गा.वि.स.हरु र बोराङमा NIGHT VISION हेलिप्याड निर्माण गर्ने र सो को बजेटका लागि आगामी बैठकमा निर्णय गर्ने,

३८. यस गाउँपालिकाभित्र एक वडा बाट अर्को वडामा पशुचौपायहरु लाँदा लैजाँदा दस्तुर कर लगायतका गैर कानुनी रुपले रकम उठाएको उजुरी प्राप्त भएकोले अब उपरान्त कुनैपनि वडाका कोहि कसैले यस्तो कार्य नगर्नु नगराउनु हुन सूचना जारी गर्ने,

३९. यस गाउँपालिकाको साविक गा.वि.स र बोराङमा आउँदो फागुन महिनामा उपयुक्त समय र गते सामाजिक सुरक्षा , घटना दर्ता शिबिर संचालन गर्ने,

४०. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संघीय सरकारबाट यस पालिकामा प्राप्त निर्देशिका बमोजिम पेश भएका योजनाहरु स्वीकृत गरि आउदो गाउँसभामा अनुमोदन का लागि पेश गर्ने,

४१. यस गाउँपालिकाको सेर्तुङ स्वास्थ्य चौकीलाई अपग्रेड गरी ग्रामीण अस्पत्ताल बनाउन बजेट व्यबस्थापन गर्ने र थप आर्थिक सहायताका लागि अन्य तहको सरकारहरुसंग पहल गर्ने,

४२. यस गाउँपालिकामा बिगत देखिनै संचालनमा रहेका र हाल बन्द रहेको सुबिशु प्रा.लि. को इन्टरनेट सेवा पछि सेवा प्रभावकारी रहेमा निरन्तरता हुने गरि हाललाई १ महिनाको लागि परीक्षण सेवा सुचारु गर्ने,

४३. यस गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई राज्य, शासन प्रणाली,कर्मचारीतन्त्र- प्रशासन तथा न्याय, बसाइ-सराइ, मानव बेचबिखन नियन्त्रण सम्वन्धी तालिम संचालन गर्ने,

४४. श्री मुक्रापदेवी मा .वि.मा संचालित कक्षा ११ र १२ को परीक्षा सञ्चालन गर्दा लागेको रु ८०५१२।- बेहोर्ने,

४५. यस पालिकामा बिनियोजित राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताका लागि भौगोलिक बिकटताले गर्दा रकम अपुग भएकोले उक्त अपुग १ लाख रकम थप गर्ने,

४६. यस पालिकाको विभिन्न वडाहरुमा सम्पत्ती मूल्यांकन गर्दा लाग्ने सिफारिस दस्तुर रु. २००।-(दुईसय मात्र) तोक्ने,

४७. यस पालिकाबाट आ.व. २०७७।०७८ मा पारित पर्यटन शुल्क (ट्रेकिङ रुट अनुमती) ५० डलर संशोधन गरि १०० डलर कायम गर्ने,

रुबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

टंकबहादुर नगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४८.यस पालिकाको वडाबाट हुने ३५ प्रकारका सिफारिसका लागि सिफारिस गर्दा अनिवार्य राजश्व प्राप्त गर्ने र कार्यालयमा दाखिला गर्न आपसी समन्वय र सहजीकरण गर्ने,

४९. यस गाउँपालिकाको कार्यपालिका सदस्य श्री खम्बा घलेको सेवा सुविधा रोक्का गर्ने,

५०. यस गाउँपालिका बाट आ.व. २०७७।०७८ मा पारित रु १० लाख माथिका आयोजनाहरुको कार्यान्वयन हुने स्थलमा अनिवार्य आयोजना सूचना पाटी राख्ने ,

५१. यस गाउँपालिकाका वडा मातहतका कार्मचारीहरु अनुपस्थित हुँदा वा फिल्ड सर्भेका लागि जानु पर्दा अनिवार्य सम्वन्धित वडा अध्यक्षसंग समन्वय गर्ने,

५२. यस पालिकाभित्र राष्ट्रिय जनावर गाइ वा गोरुलाई लुकि छिपि बध गर्ने कार्यलाई तुरुन्त रोक्ने र सो सम्वन्धमा संलग्नलाई कानुनी दायरामा लाने निर्णय गरियो,

५३.यस गाउँपालिकामा संचालित होटल,पसल, ब्यबसाय आदिको दर्ता तथा नविकरण शिविर प्रत्येक वडामा संचालन गर्ने,

५४. रुवीभ्याली-४ पेन्तिस्या नजिक रहेको तातोपानी स्नान स्थल निर्माण र संरक्षणको लागि डिपिआर तयार गरी संघीय सरकार र बागमती प्रदेश सरकारलाई रकम माग गर्ने,

५५.तिप्लिङ कामीगाउँ-सेर्तुङ सडक ट्र्याक निर्माणका लागि प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयसंग आर्थिक सहायता माग गर्ने,

५६. निर्माण भइसकेका तर जग्गाको स्वामित्व एकीन नभएका विद्यालय, वडा कार्यालय,स्वास्थ्य कार्यालयहरुको जग्गा प्राप्ति गर्ने,

५७. यस पालिकाको आवधिक योजना तयारीका लागि नपुग रकम बागमती प्रदेश सरकारसंग माग गर्ने,

५८.गाउँपालिकाको प्रशासनिक भवनमा कार्पेटिङ, इन्तरनेट नेटवर्किङ , वाइरिङ सहित सि.सि.क्यामेरा जडान गर्ने,

५९.गाउँपालिका भित्र सञ्चालित विभिन्न विद्यालयहरुलाई प्राप्त ICT, विज्ञान प्रयोगशाला, Kits अनुदान लगायतको ससर्त तथा पालिका अनुदानका कार्यक्रमहरुको अनुगमन, निरीक्षण तथा प्रतिवेदनको लागि शिक्षा समिति संयोजक, शिक्षा शाखा प्रमुख र प्राविधिक शाखा प्रमुख सहितको ३ सदस्यीय समिति गठन गर्ने,

६०.यस गाउँपालिकाका विद्यालयहरुलाई प्राप्त पालिका अनुदान, ससर्त अनुदान र अन्य अनुदान कार्यक्रमहरुको अनुगम, निरीक्षण तथा प्रतिवेदनको लागि रु. ५००००(रु. पचास हजार मात्र) थप गर्ने,

६१.बाढी पहिरो लगायतका कारणले विद्यालयहरुको भवन तथा कक्षाकोठा क्षतिको पुनर्निर्माण तथा मर्मत संभारको लागि यसै गाउँपालिकाको वडा नं. ४ मा रहेको श्री हिन्दुङ आ.वि. हिन्दुङ लाई रु १ लाख अनुदान दिने।

६२. यस पालिकामा विभिन्न कार्यक्रमहरु लिएर आउने गैर सरकारी संघसंस्थाहरुले अनिबार्य पालिकाबाट स्वीकृती लिइ, पालिकासंग अनिवार्य समन्वय गरेर मात्र कार्यक्रम संचालन गर्ने र उक्त नियमको उल्लंघन गर्ने जुनसुकै संघसंस्थाहरुलाई कानुन बमोजिम कारबाहीका लागि प्रकृया अगाडि वढाउने।

६३.यस पालिकाका लागि नियुक्त हुने मेडिकल अफिसर(डाक्टर) लाई प्रचलित कानुन बमोजिम तलबमा शत प्रतिशत थप गरि रु १ लाख पारिश्रमिक उपलब्ध गराउने र आवासको लागि क्वार्टर उपलब्ध गराउने।

रुबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश,नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६४.यस गाउँपालिकाको पायक पर्ने स्थानमा ग्रामिण अस्पत्ताल निर्माण गर्न स्थानीय जग्गा दाताहरुबाट जग्गा दान गराउन सार्वजनिक सूचना आह्वान गर्ने ।

६५.यस पालिकामा संचालित प्रत्येक स्वास्थ्य चौकीहरुमा placenta Pit(सालनाल गाढ्ने) निर्माण गर्ने,

६६.यस गाउँपालिकाको वडा नं. १ मा विनियोजित मचेत ह्युम पाइप कल्भर्ट निर्माण- १० लाख र मचेत ढल निर्माण-रु ३ लाख लाई एउटै शीर्षकमा गाभेर मचेत खोला पक्की पुल निर्माण शीर्षक-रु १३ लाख संसोशन गर्ने,

६७. विविध विषयमाथि छलफल गर्दा हिजो देखि प्रारम्भ भएको बैठक आज दिउसो १;०० बजे सु- सम्पन्न भयो ।

रूबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

टंकबहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner